**निर्णय नं. ६ यस शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक २०८० लाई बहुमतले पारित गरियो ।**

**शिवनाथ गाउँपालिकाको आर्थिक विधेयक, २०८०**

शिवनाथ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**सभामा पेश गरेको मितिः २०८०/०३/२७**

**प्रस्तावनाः** शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम शिवनाथ गाउँपालिकाको गाउँसभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "आर्थिक विधेयक" २०८० रहेको छ ।

(२) यो विधेयक तुरुन्त लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०८० /०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३८,९८,१०,२३३.६०।— (अक्षरेपी अठतिस करोड अन्ठानब्बै लाख दश हजार दुई सय तेतिसर रुपयाँ साठी पैसा) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त शिवनाथ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम, साँवा भुक्तानि खर्च र व्याज भुक्तानि खर्च शिर्षकमा बाहेक अन्य

०८०/३/२६

कर्ण सिंह साउद

गाउँपालिका अध्यक्ष

चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानि खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानि खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रमक सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको घधारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजित हुने रकम

| सि.नं. | अनुदान संख्या | शिर्शकको नाम | चालु खर्च | पुजिगत खर्च | सशर्त अनुदान अन्तर्गत खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका/ वडा समिति/विषयगत शाखा | ९४८९९२५०/- | ११७९६०९८३.६/- | १७६९५००००/- | ३८,९८,१०,२३३.६०।- |
| २ | | ऋणको सावा व्याज भुक्तानि | | | | |
| ३ | | लगानी शेयर/ऋण | | | | |

८०।७३।२८

कर्ण सिंह साउद
गाँउपालिका अध्यक्ष